# काठमाण्डौ पानी

चौमासिक बुलेटिन

वर्ष : २ (चैत २०७२-असार २०७३) अंक १


## नेपाल सरकार, मेलम्ची खानेपानी उप-आयोजना २
## आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

**खानेपानी, सरसफाई, ढल व्यवस्थापनमा सुधार**

**सुन्दर व्यवस्थित सहर, विकसित समाजको आधार**

## आयोजना कार्यान्वयन निर्देशनालयको अपिल




**जावलाखेलमा पाइप विच्छ्याउने कार्य हुँदै ।**

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयले मेलम्ची खानेपानी आयोजनाबाट प्राप्त हुने पानी उपत्यकामा समानुपातिक र वैज्ञानिक रूपमा घरघरमा पुऱ्याउन द्रुत गतिमा काम गरिरहेको छ । मेलम्ची खानेपानी आयोजनाको संसोधित लक्ष्य अनुसार सन् २०१७ सेप्टेम्बरसम्ममा मेलम्चीको पानी सुन्दरीजलस्थित पानी प्रसोधन केन्द्रमा आइपुग्ने र वितरण प्रणाली सुधार गर्दै उपभोक्तासम्म पुऱ्याउने तयारी जारी छ । यसका लागि आवश्यक पानी पोखरी निर्माण, थोक वितरण प्रणाली निर्माण, वितरण प्रणाली सुधार तथा धारा वितरण कार्य जारी छ । राष्ट्रिय गौरवको आयोजनाको रूपमा प्राथमिकतासाथ बनिरहेका संरचनाहरू दीर्घकालीन सोचमा आधारित छन् । घर घरमा पानी पुऱ्याउने नयाँ प्रणाली स्थापनाको लागि अहिले चक्रपथ भित्रका विभिन्न ठाउँमा पाइप विच्छ्याउने कार्य भइरहेको छ । यसले सवारी साधन र आम सर्वसाधारणको आवागमनमा समस्या पर्ने तथ्यलाई मध्यनजर गरी निर्देशनालयले सडक विभाग, महानगरपालिका तथा उपमहानगरपालिकाहरूसँग समन्वय गरी सकभर कम असुविधा पर्ने गरी काम गरिरहेको छ । यस सन्दर्भमा पाइप विच्छ्याएपछि तत्काल सडक पुनर्स्थापनाको काम गरिरहेको छ । यसबाट उपत्यकाबासीहरूलाई पर्न गएको/जाने असुविधाका लागि निर्देशनालय क्षमायाचना गर्दछ । उपत्यकाको खानेपानी संकट निवारणका लागि निर्देशनालयको अभियानमा सबैको सहयोगको अपिल गर्दछ ।

## निर्देशनालयका कार्यहरू

उपत्यकाको खानेपानीका भौतिक पूर्वाधारको विकास तथा स्तरोन्नति गरी दिगो र भरपर्दो सेवाका माध्यमबाट सहरी वातावरणमा सुधार ल्याउने उद्देश्यले निर्देशनालयले कार्य गरिरहेको छ । निर्देशनालयले मेलम्चीको पानी वितरणका गर्न वितरण सञ्जाल विस्तार र सुधार गरिरहेको छ । सुन्दरीजलबाट वितरण सञ्जालमा पानी पुऱ्याउन थोक वितरण प्रणालीका लागि कूल ९.६ किमी पाइप (१४०० मिलिमिटर व्यासका) विच्छ्याउनुपर्नेमा हालसम्म ९.५ किमी पाइप विच्छ्याई सकिएको छ ।

पानी वितरणका लागि उपत्यकामा कूल ६७० किमी पाइपलाइन विच्छ्याउनुपर्नेमा हालसम्म (मे २०१६) ३५३ किमी पाइप विच्छ्याइ सकिएको छ । सर्वसाधारणको घरमा धारा जडानका लागि प्रयोग हुने HDEPPE 100 पाइपलाइ इलेक्ट्रो फ्यूजन प्रविधिबाट जडान गरि चुहावटलाई न्यूनतम बिन्दूमा झार्ने काम भइरहेको छ । निर्देशनालयले काठमाण्डौ उपत्यकामा पानी वितरण गर्न थोक वितरण प्रणाली, वितरण सञ्जाल सुधार तथा क्षेत्रगत मापन इकाई (District Metering Area, DMA) स्थापना गरिरहेको छ । वितरण सञ्जाल सुधार (DNI) का लागि चार प्याकेज र ११ DNI बाँडेर काम भइरहेको छ । यी ११ DNI मध्ये हरेकलाई कम्तीमा २ वटा DMA मा बाँडिएको छ । प्रत्येक DMA मा ५ सय देखि २ हजार घरधुरी बराबरको टोलमा एउटा Bulk Meter र हरेक घरमा छुट्टाछुट्टै मिटरको व्यवस्था गरिँदैछ । यसबाट पानी खपतको वास्तविक तथ्यांक निकाल्न सकिनेछ । यी विभिन्न कार्यहरू सम्पन्न गर्ने क्रममा वातावरण र समाजमा पर्न सक्ने प्रभावलाई न्यूनिकरण गर्न र जनतालाई सूसूचित गराउन सामुदायिक सचेतना तथा सहभागीता परामर्शदाता (सीएपीसी) मार्फत विभिन्न सचेतनामूलक कार्यहरू भइरहेको छ ।

# आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गतका परियोजनाहरू

| आयोजनाको नाम | सम्झौता मिति | कूल लागत (मिलियन अमेरिकी डलर) |
|---|---|---|
| काठमाण्डौ उपत्यका खानेपानी तथा सरसफाई आयोजना (एशियाली विकास बैंक ऋण सहयोग १८२०) | डिसेम्बर २००० | ४४.०२ |
| काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना (एशियाली विकास बैंक ऋण सहयोग २७७६) | फेब्रुअरी २०१२ | १३० |
| काठमाण्डौ उपत्यका ढल व्यवस्थापन आयोजना (एशियाली विकास बैंक ऋण सहयोग ३०००) | जुलाई २०१३ | १३६ |
| काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना (Additional Financing) (एशियाली विकास बैंक ऋण सहयोग ३२५५) | डिसेम्बर २०१५ | १३५ |

## निर्देशनालयका गतिविधिहरू

### विभागीय सचिवद्वारा आयोजनाबारे जानकारी



खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव डा. सञ्जय शर्मा आयोजनाको जानकारी लिँदै ।

नेपाल सरकार खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव डा. सञ्जय शर्माले जेठ २३ गते आयोजना कार्यान्वयन निर्देशनालयको भ्रमण गरी निर्देशनालय र केयुकेएलका विभिन्न पक्षहरूका बारेमा छलफल गर्नुका साथै कार्यप्रगति बारे जानकारी लिनुभयो । उहाँलाई आयोजना निर्देशक तिरेश प्रसाद खत्री र उप-निर्देशक अनिल भद्र खनालले प्रस्तुति मार्फत जानकारी गराउनुभयो । त्यसैगरी केयुकेएलका महाप्रबन्धक डा. महेश भट्टराइले केयुकेएलको वितरण प्रणाली, भौतिक तथा आर्थिक पक्ष, जनशक्ति लगायतका विभिन्न पक्षहरूका बारेमा जानकारी गराउनुभयो ।

### सञ्चारकर्मीहरूको अवलोकन भ्रमण



सञ्चारकर्मीहरूलाई निर्देशनालयका कार्यबारे स्थलगत जानकारी दिँदै निर्देशनालयका परियोजना निर्देशक तिरेशप्रसाद खत्री ।

मेलम्ची खानेपानी आयोजनाबाट उपलब्ध हुने पानीलाई उपत्यकाबासीको घरघरमा पुऱ्याउनका लागि निर्देशनालयले गरिरहेका कार्य बारे सञ्चारकर्मीहरूलाई जानकारी गराउन असार १ गते संक्षिप्त पत्रकार भेटघाट र निर्माणाधीन संरचनाहरूको अवलोकन भ्रमण आयोजना गरियो । कार्यक्रममा आयोजना निर्देशक तिरेश प्रसाद खत्री र उपनिर्देशक अनिल भद्र खनालले आयोजनाका कार्यको जानकारी गराउँदै सही सूचना सम्प्रेषणमा सहयोग पुऱ्याउन आग्रह गर्नुभयो । यसक्रममा निर्देशनालय प्रवक्ता लिला प्रसाद ढकालले वितरण प्रणालीका विभिन्न पक्षबारे स्थलगत रूपमा जानकारी गराउनुभएको थियो । पत्रकारहरूको टोलीले जावलाखेलस्थित नेपाल टेलिकम अगाडिको सडकमा भइरहेको पाइपलाइन विछ्याउने कार्य, खुमलटार र आरूबारीमा निर्माणाधीन पानीपोखरीका बारेमा जानकारी लिएको थियो । त्यसैगरी टोलीले सुन्दरीजलमा निर्माणाधीन पानी प्रसोधन केन्द्र र मेलम्ची आयोजनाको मूल सुरूङको अवलोकन गरी कार्यप्रगति, चुनौतिहरू तथा आयोजनाको लक्ष्यबारेमा प्रवक्ता ढकाल र मेलम्ची खानेपानी विकास समितिका उप कार्यकारी निर्देशक ज्योतिकुमार श्रेष्ठसँग अन्तरक्रिया गरेको थियो ।

### विद्यालय सचेतना कार्यक्रम

निर्देशनालय अन्तर्गतको सामाजिक सचेतना तथा सहभागीता परामर्शदाता (सीएपीसी) मार्फत शिक्षक/विद्यार्थीहरूलाई परियोजनाका बारेमा र पानीको महत्व तथा पानी र स्वास्थ्यको सम्बन्धका बारेमा सचेत गराउने उद्देश्यले विद्यालय सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । यसका लागि खानेपानी पूर्वाधार निर्माणाधीन क्षेत्रका विद्यालयहरूलाई समेटेर कार्यक्रम सञ्चालन गरिएको छ । २०१६ मे अन्तसम्ममा कूल ७६ वटा सार्वजनिक विद्यालयमा यस्ता कार्यक्रमहरूमार्फत् ६ हजार भन्दा बढी शिक्षक/विद्यार्थीहरूलाई खानेपानी, सरसफाई तथा मेलम्ची खानेपानी आयोजनाका विभिन्न पक्षहरूका बारेमा जानकारी गराइएको छ ।



महेन्द्र भवन मावि ज्ञानेश्वरमा आयोजित विद्यालय सचेतना कार्यक्रम

### सरोकारवालाहरूसँग समन्वय बैठक

आयोजनाले आफ्नो कार्यक्षेत्रमा स्थानीय जनतासँग समन्वय गरी काम अघि बढाउने क्रममा सरोकारवालाहरूसँग नियमित परामर्श बैठक गर्दै आएको छ । स्थानीयलाई निर्माणकार्यका बारेमा समयमै जानकारी गराई जनगुनासो कम गरी सहभागीता बढाउने लक्ष्यसाथ बैठकहरू आयोजना गरिन्छन् । टेलिफोन, विद्युत लगायतका अत्यावश्यक सेवाहरू अवरूद्ध हुन नदिन र बिग्रिएको अवस्थामा आपसी समन्वय गरी तत्काल सेवा सुचारू गर्ने गरिएको छ । पैदलयात्रु र सवारी साधनलाई पर्ने असुविधा कम गर्न ट्राफिक प्रहरीसँग नियमित समन्वय भइरहेको छ । यसक्रममा हालसम्म २४४ बैठकहरू सम्पन्न भएका छन् ।

### टोल समन्वय समूह



ललितपुर उपमहानगरपालिका वडा नं. ४ मा DNI 8 को TLO बैठक

निर्देशनालयले आयोजना क्षेत्रभित्र वितरण सञ्जाल सुधार अन्तर्गत खानेपानी टोल समन्वय समूहको गठन गर्न सहजीकरण गरिरहेको छ । यस्ता समूहमार्फत् स्थानीयको सहभागीता बृद्धिको पहल गरिएको छ । हालसम्म १० वटा यस्ता टोल समन्वय समूहहरू गठन भएका छन् । समूहमा महिला, दलित, पिछिडिएका वर्गको प्रतिनिधित्व कायम गर्न जोड दिइएको छ । यी समूह मार्फत् परियोजनाको प्राविधिक र सामाजिक सूचना स्थानीय तहसम्म पुऱ्याउने र स्थानीय स्तरमा रहेका गुनासाहरू समाधान गर्ने प्रयास गरिन्छ । यी समूहमा अहिलेसम्म १५४ जना स्थानीय उपभोक्ताहरू आवद्ध छन् ।

## निर्देशनालय र सडक विभागबीचको समन्वय

पानी वितरण सञ्जाल स्थापनाका लागि पाइपलाइन विच्छ्याइसकेपछि सडक पुनर्स्थापनाका लागि निर्देशनालय र सडक विभाग बीच ६ असार २०७३ मा समझ्दारी भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सचिव अर्जुन कुमार कार्की र खानेपानी तथा सरसफाई मन्त्रालय सचिव डा. सञ्जय शर्माको उपस्थितिमा सडक विभागका महानिर्देशक माधवकुमार कार्की र निर्देशनालयका आयोजना निर्देशक तिरेशप्रसाद खत्रीले समझ्दारीपत्रमा हस्ताक्षर गर्नुभयो ।

समझदारी पत्रमा पाइपलाइन बिच्छ्याइसकेपछि सडक विभाग अन्तर्गतका सडकहरूको पुनर्स्थापना आगामी दुई बर्षमा सम्पन्न गर्ने गरी बजेट सुनिश्चित गरिएको छ । यसका लागि सडक विभाग अन्तर्गत पर्ने उपत्यकाका १०३ किमी (बाँसबारी-नारायणगोपाल चोक-पानीपोखरी हुँदै लैनचौर, चावहिलचोक-गौशाला-नयाँ वानेश्वर-तिनकुने हुँदै माइतीघर तथा थापाथली-जावलाखेल हुँदै एकान्तकुना लगायतका) सडक खन्न छुट्टै अनुमति लिइरहनु नपर्ने भएको छ । सडक विभागले पाइप विच्छ्याइएका सडकको पुनर्स्थापना प्रक्रिया तत्काल सुरू गर्नेछ । पुनर्स्थापना गर्दा सम्बन्धित सडकको विद्यमान मापदण्ड/गुणस्तर कायम गरिने छ ।

अर्थ मन्त्रालयलाई जानकारी गराई गरिएको सम्झौता कार्यान्वयन र सहजीकरण गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्माण तथा यातायात महाशाखाका सह–सचिवको संयोजकत्वमा आयोजना कार्यान्वयन निर्देशनालयका निर्देशक, मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालयका निर्देशक सहितको एक समन्वय समिति व्यवस्था गरिएको छ ।



पाइपलाइनको कार्यपछि सडक पुनर्स्थापनाका लागि समझदारी पत्र आदानप्रदान गर्दै सडक विभागका महानिर्देशक माधव कुमार कार्की र आयोजना निर्देशक खत्री ।

## नगरपालिकाहरूसँग समन्वय



ग्वार्कोमा थोक वितरण प्रणालीको काम हुँदै ।

निर्देशनालयले काठमाण्डौ महानगरपालिका र ललितपुर उपमहानगरपालिकासँग सडकहरूमा पाइपलाइन विच्छ्याएपछि तत्काल सकडको पुनर्स्थापना गर्न विशेष समझ्दारी गरेको छ । निर्देशनालयले पाइपलाइनको कार्य सम्पन्न भएपछि दुवै नगरपालिकासँग मिलेर सडकलाई पूर्ववत रूपमा ल्याउने कार्य गर्नेछ ।

## काठमाण्डौ उपत्यका ढल व्यवस्थापन आयोजना

एशियाली विकास बैंकको ऋण सहयोगमा निर्देशनालयले फोहोर पानी प्रसोधन र ढल व्यवस्थापनको कार्य गरिरहेको छ । यस क्रममा गुह्येश्वरी, सल्लाघारी, कोड्कु र धोबीघाटमा फोहोर पानी प्रसोधन केन्द्रहरूको निर्माण हुँदैछ । गुहेश्वरीमा विद्यमान प्रसोधन केन्द्रलाई आधुनिक बनाउने र अर्को प्रसोधन इकाई थपिने छ ।

प्रसोधन केन्द्रहरूको डिजाइनका क्रममा ती क्षेत्रमा हरियाली कायम गरी वातावरणमैत्री बनाउने, स्रोतबाट आउने फोहोर पानीको गन्ध हटाउन सुरूको इकाइलाई छोप्ने व्यवस्था गरिएको छ । गुह्येश्वरी र धोबीघाटका प्रसोधन केन्द्रहरूबाट विद्युत उत्पादन गर्ने लक्ष्य छ । यसैगरी हनुमन्ते र मनोहरा किनारमा ढल लाइन व्यवस्थापन गर्ने कार्य अघि बढाइएको छ । शाखा ढललाइनहरूको व्यवस्थापनको काम हुँदैछ ।



गुह्येश्वरीमा निर्माण हुने फोहोर पानी प्रशोधन केन्द्रको बनोट ।

## पानी वितरणमा स्काडा सिस्टम

मेलम्ची खानेपानी आयोजनाबाट प्राप्त हुने पानीलाई आधुनिक वितरण प्रणालीमार्फत उपभोक्तासम्म पुऱ्याउनका लागि Supervisory Control and Data Acquisition (SCADA) प्रणाली अपनाइने छ । यो प्रणालीले केन्द्रीकृत रूपमा सबै पानी वितरण प्रणालीको अनुगमन र नियन्त्रण गर्छ । यसबाट छिटो र सही सूचना मार्फत पानी सञ्चालनमा सहयोग पुग्छ । भल्वबाट पानी खोल्ने र बन्द गर्ने देखि चुहावटका बारेमा समेत यस सिस्टमले नियन्त्रण कक्षलाई जानकारी दिन्छ । पानी वितरणलाई स्वचालित बनाउने क्रममा यो प्रणाली भित्र्याउने तयारी भएको हो ।

स्काडा प्रणाली पूर्वाधार, औद्योगिक क्षेत्र लगायतका धेरै ठाउँमा प्रयोग हुन्छ । यस प्रणालीबाट मुहानदेखि धारासम्म वितरण प्रणालीमा पानीको गुणस्तर, बहाव लगायतका सूचना नियन्त्रण कक्षमा नै प्राप्त हुन्छ । सहरका विभिन्न क्षेत्रमा पानी वितरण गर्न राखिएका भल्व बन्द गर्न र खोल्न तथा ती भल्वबाट कति पानी वितरण गर्ने भनेर यसैबाट निर्धारण गर्न सकिन्छ । ती भल्वमा राखिएका मिटरको रिडिङ्ग समेत स्वचालित रूपमा गर्न सकिन्छ । निर्देशनालयले विभिन्न ठाउँमा District Metering Area का बल्क मिटरहरू, भल्वहरू गरी ८३७ सेन्सर राख्ने तयारी गरेको छ । स्काडा प्रणालीको प्राविधिक पक्षबारे निर्देशनालयले विभिन्न चरणमा छलफल गरिरहेको छ ।



सेफगार्ड इकाई प्रमुख राजीव जोशी ग्वार्को बीडीएस क्षेत्रको स्थलगत निरीक्षणमा

## समुदाय बैठक

निर्देशनालयले विभिन्न क्षेत्रमा स्थानीयको सहभागिता बढाउन, उनीहरूको गुनासा तथा सरोकारहरूको सम्बोधन गरी परियोजनामा आउने अवरोधहरू हटाउन समुदाय स्तरमा नियमित रूपमा बैठकहरू आयोजना गर्दछ । यस सिलसिलामा हालसम्म ४६७ वटा बैठकहरू सम्पन्न भएका छन् ।

## सोसियल सेफगार्ड कार्यक्रम बारेमा अभिमुखीकरण

निर्देशनालयले वितरण सञ्जाल तथा थोक वितरण प्रणाली अन्तर्गतका कार्यक्रममा सोसियल सेफगार्डका निम्ति गरिने कार्यहरूका बारेमा छलफल गर्न असार ३ गते अभिमुखीकरण कार्यशालाको आयोजना गऱ्यो । कार्यक्रममा सेफगार्ड इकाई प्रमुख राजीव जोशीले संरचनाहरूको निर्माणमा कार्यस्थलमा आइपर्ने पेसाजन्य स्वास्थ्य र सुरक्षा विषयका साथै सामाजिक परिचालनलाई प्रभावकारी बनाउन अभिमुखीकरण आयोजना गरिएको बताउँदै सोसियल सेफगार्ड चेकलिष्टलाई कडाइका साथ पालना गर्नुपर्ने बताउनुभयो । सामाजिक सचेतना तथा सहभागीता परामर्शदाता (सीएपीसी) का टिम लिडर डा. शम्भु कट्टेलले कार्यपत्र प्रस्तुत गर्दै सोसियल सेफगार्डको अवधारणा, कार्यान्वयनका चरणहरू, हाल विद्यमान अवरोधहरू र उप आयोजना–२ अन्तर्गत गरिनुपर्ने कार्यहरूका बारेमा जानकारी गराउनुभयो । तत्पश्चात् सहभागीहरूबीच छलफल भई एकरूपताका साथ social safe-guard कार्यन्वयनमा सहमति गरियो ।

## उपत्यकामा कहाँ कहाँ थोक वितरण प्रणाली र पानी पोखरी निर्माण हुँदैछन् ?

| प्याकेज | पानी पोखरी | पाइप बिच्छ्याइने क्षेत्रहरू |
|---|---|---|
| प्याकेज ० | | सुन्दरीजल, नयाँपाटी, गोकर्ण, बालुवा, जोरपाटी महांकालचौर |
| प्याकेज १ | आरूबारी (८५०० घनमी)<br>महाँकालचौर (८००० घनमी)<br>बाँसबारी (९५०० घनमी) | महाँकालचौरबाट चावहिल चोक हुँदै नारायणगोपाल चोक, नारायणगोपाल चोकबाट बाँसबारीस्थित पानी पोखरी, चावहिल चोकबाट गौशाला चोक, कलंकी (सीता पेट्रोलपम्प) बाट बल्खु, एकान्तकुनाबाट ताल्छीखेल चोक, महांकालचौरबाट आरूबारीस्थित पानी पोखरी सम्म । |
| प्याकेज २ | महाराजगञ्ज (७५०० घनमी)<br><br>खुमलटार (९५०० घनमी) | नारायणगोपाल चोकदेखि माछापोखरी हुँदै बालाजुस्थित पानी पोखरी, नारायणगोपाल चोकदेखि पानीपोखरी, कलंकी (मकालु पेट्रोल पम्प) देखि खसीबजार बल्खु चोक हुँदै एकान्तकुना, पानीपोखरी, ताल्छीखेल चोकबाट खुमलटारस्थित पानी पोखरी, ताल्छीखेल चोकबाट बालकुमारी, तीनकुने हुँदै गौशाला चोक,<br>थापाथलीबाट माइतीघर हुँदै अनामनगर स्थित पानीपोखरी, मीनभवन चोकबाट माइतीघर, मीनभवन चोकबाट तीनकुने चोक, मीनभवन चोकबाट मीनभवन स्थित पानी पोखरीसम्म । |
| प्याकेज ३ | बालाजु (७००० घनमी) | बालाजु, माछापोखरीदेखि बालाजु चोक हुँदै कलंकी, कलंकीबाट एकान्तकुना, बालाजुचोकबाट नयाँबजार हुँदै लैनचौर, लैनचौरबाट जमल, त्रिपुरेश्वर हुँदै थापाथली, थापाथलीदेखि पुल्चोक हुँदै एकान्तकुनासम्म । |
| प्याकेज ४ | टिगनी (३००० घनमी )<br>कटुन्जे (६००० घनमी )<br>किर्तिपुर (६००० घनमी) | गोकर्णबाट बाग्मती किनार हुँदै बोडे खानेपानी प्रसोधन केन्द्रबाट टिगनी<br>टिगनीबाट बोडे, निकोसरा, पाण्डुबजार हुँदै कटुन्जे<br>सीता पेट्रोलपम्प चक्रपथबाट ट्यांग्लाफाँट हुँदै किर्तिपुर |

## काठमाण्डौ उपत्यकामा वितरण प्रणाली सुधारको विवरण

| प्याकेज | डि.एन.आई पाइप बिच्छ्याइने क्षेत्रहरू |
|---|---|
| प्याकेज १ | डि.एन.आई. १– लैनचौर, टंगाल, भगवतीबहाल, नक्साल, डिल्लीबजार, सिहंदरबार गेट, माइतीघर, थापाथली हुँदै बाग्मती नदी, टेकु हुँदै विष्णुमती नदी र न्यूरोडभित्रका क्षेत्रहरू<br>डि.एन.आई. २– धोवीखोला, गौशाला, भिमसेनगोला, सिंहदरबार, पुतलीसडक, डिल्लीबजार, भाटभटेनी, हाँडीगाउँ र रातोपुलका क्षेत्रहरू<br>डि.एन.आई. ६– पुल्चोक, मंगलबजार, ग्वार्को, सातदोबाटो, महालक्ष्मीस्थान एकान्तकुना, जावालाखेल भित्रका क्षेत्रहरू |
| प्याकेज २ | डि.एन.आई. ३– सेतोपुल, पुरोनो बानेश्वर, तिलगंगा, सिनामंगल, तीनकुने, मदनभण्डारी पथ, नयाँवानेश्वर, बिजुलीबजार, धोवीखोला, हुँदै सेतोपुल भित्रका क्षेत्रहरू<br>डि.एन.आई. ४– अनामनगर ट्याङ्की, माइतीघर, धोवीखोला बिजुलीबजार, प्रसुतिगृह मार्ग, थापाथली चोक हुँदै माइतीघर भित्रका क्षेत्र<br>डि.एन.आई. ५– कुपण्डोल, यूएनपार्क, शंखमूल, मनोहरा खोला, बालकुमारी, चक्रपथ, ग्वार्को, मंगलबजार, पुल्चोक, हिमालय होटेल, ज्वागल चोक हुँदै कुपण्डोल भित्र पर्ने सम्पूर्ण क्षेत्र<br>डि.एन.आई. ७– बालाजुचोक, सोह्रखुट्टे, लैनचौर, कान्तिपथ, न्यूरोड, हनुमानढोका, विष्णुमती पुल, इन्द्रायणी मन्दिर हुँदै बालाजुचोक भित्र पर्ने सम्पूर्ण क्षेत्रहरू |
| प्याकेज ३ | डि.एन.आई. ८– टेकुदोभान, कुपण्डोल, कानदेवता स्थान, पुल्चोक, जावालाखेल, एकान्तकुना, भनिमण्डल, चक्रपथ, सानेपा पुल, बाग्मती नदी हुँदै टेकु दोभान भित्रका सम्पूर्ण क्षेत्र<br>डि.एन.आई. ९– बाग्मती नदी, तीनकुने, कोटेश्वर, जडीबुटी पुल, मनोहरा खोला, शंखमूल दोभान भित्रका सम्पूर्ण क्षेत्र<br>डि.एन.आई.१०– वनस्थली चोक, बालाजु चोक, विष्णुमती पुल, डल्लु, भगवानपाउ हुँदै वनस्थली चोक भित्रका सम्पूर्ण क्षेत्र<br>डि.एन.आई. ११– कलंकी, सोल्टीमोड, कालीमाटी, टेकुदोभान, वल्खु, चक्रपथ हुँदै कलंकी भित्रका सम्पूर्ण क्षेत्र |
| प्याकेज ४ | डि.एन.आई. A,B,C, F,G,H,I,J,K – माथिका डीएनआइले समेट्न नसकेका चक्रपथ भित्रका सबै क्षेत्रहरू |
| | A– छाउनी वाफल क्षेत्र, B– स्वयम्भू क्षेत्र, C– स्वयम्भू चमतीको पश्चिम क्षेत्र, F– गोंगबु बसपार्क क्षेत्र, म्हैपी, नयाँबजार, G– सामाखुसी, रानीबारी हुँदै लाजिम्पाट र पानीपोखरीका केही भागहरू, H– पानीपोखरी, बालुवाटार क्षेत्र, I – नारायणगोपाल चोकबाट निर्मल निवास हुँदै चिनिया र रूसी दूतावास क्षेत्र, विशालनगर, टुडालदेवी, J – शंखपार्क, धुम्बाराही, हाँडीगाउँ, सुकेधारा हुँदै विशालनगरका केही क्षेत्र, K– ताहाचल र सोल्टीमोड क्षेत्र |

जनसमुदायको हितका लागि युगमा एकपटक गरिने यस्ता वृहत् आयोजना कार्यान्वयन गर्ने क्रममा सर्वसाधारणमा पर्नजाने असुविधाका लागि खानेपानी तथा सरसफाइ मन्त्रालय र आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड क्षमायाचना गर्दै यस कार्यमा सबैको सहयोगको अपिल गर्दछ ।


**गुनासा र सुझावका लागि**

आयोजना कार्यान्वयन निर्देशनालय

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

अनामनगर, काठमाण्डौ

फोन नं. : ४२२२९८६, ४२२४९८६ (एक्सटेन्सन-१३१), फ्याक्स : ४२२४०५७

www.kuklpid.org.np